अरनीको स्मृति दिवसमा पत्रकार र कलाकार सम्मानित

बुटवल । नेपाल व्यवसायिक कलाकार संघ रूपन्देहीले राष्ट्रिय विभूती अरनी स्मृति दिवस तथा आफ्नो ३१औं स्थापना दिवस बुधबार मनाएको छ । बुटवल हिलपार्क डाँडामा रहेको राष्ट्रिय विभूति अरनीको मूर्तिमा माल्यार्पण गर्दै दिवस मनाउनुका साथै संघ स्थापना दिवसका अवसरमा अग्रज कलाकार, पत्रकार सम्मानसहित क्यानभासमा बुटवल कार्यक्रम गरी मनाएको हो ।

उक्त अवसरमा बोल्दै नगरप्रमुख खेलराज पाण्डेयले बुटवल उपमहानगरले ललितकला साहित्य प्रतिष्ठानको ऐन संशोधन गरी व्यवस्थित बनाउन नगरसभाले निर्णय गरेको बताए । उनले ललितकला, साहित्य, मूर्ति तथा कला क्षेत्रको विकासका लागि उप-महानगरले काम गर्न खोजेको बताए ।

उक्त अवसरमा नेपाल व्यवसायिक कलाकार संघ रुपन्देहीका अध्यक्ष दिलिप रसालीले कला सौन्दर्यका लागि बुटवल उप-महानगरसँग आफूहरुले सहकार्य थालेको बताए । कार्यक्रममा हिलपार्क परिषद्का उपाध्यक्ष बोनिन पियाले कला अदभूत क्षमता भएको बताउँदै हिलपार्कमा पनि त्यो कलाहरु देखिएको बताए । संघका उपाध्यक्ष सुमित्रा रानाले ललितकलाको विकासका लागि बुटवलमा कालिका मानवज्ञान माविमा कक्षा ११ र १२ मा फाइनआर्टको पढाइ सुरु भएको बताउँदै यो पहलका लागि सबैलाई धन्यवाद दिइन् ।

कलाकारहरुले वनभोजसँगै 'क्यानभासमा बुटवल' अन्तर्गत ऐतिहासिक चित्रहरु उतारिएको सहसचिव राजु खड्काले बताए । सोही अवसर पारेर पत्रकार विनोद परियारसहित विभिन्न व्यक्तिहरु सम्मानित भएका छन् ।

३१औं दिवस तथा अरनीको स्मृति दिवसमा कला क्षेत्रको विकासमा पत्रकारिता क्षेत्रबाट योगदान गरेको भन्दै पत्रकार परियारलाई नगद, सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको हो ।

सोही अवसरमा २०३२ सालदेखि कलाक्षेत्रमा लागेका मन गोल्डीलाई अग्रज कलाकारको रुपमा सम्मान गरिएको छ ।

यसैगरी शिवजानकी कला पुरस्कारबाट कलाकार टिकाराम बलामी मगर पुरस्कृत भएका छन् । कार्यक्रममा नेपाल व्यवसायिक कलाकार संघका केन्द्रीय उपाध्यक्ष एचवि रम्तेल, राष्ट्रिय/अन्तर्राष्ट्रिय कलाकार विके नरबहादुर, ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ यमबहादुर थापा, संघका निवर्तमान केन्द्रीय सहअध्यक्ष शान्तराम गिरी, केन्द्रीय सदस्य राजकुमार लिगल, संघका रुपन्देही सचिव फिलिप रोक्कासहित विभिन्न कलाकारहरुको उपस्थिति रहेको थियो ।

फर्निचरमा सल्लाहकार समिति गठन

बुटवल । फर्निचर उद्योग संघका नवनिर्वाचित अध्यक्ष जीवकान्त काफ्लेले सल्लाहकार समिति गठन गरेका छन् । संघको विधान २०५६ (संशोधित २०८० सहित) को परिच्छेद ८, भाग ८ अन्तर्गत उपदफा क र घ बमोजिम सल्लाहकार समिति गठन गरिएको हो ।

संघका अध्यक्ष काफ्लेका अनुसार सल्लाहकार समितिको संयोजकमा नरेश कुमार श्रेष्ठलाई मनोनीत गरिएको छ । समितिका सदस्यहरूमा विष्णुकुमार श्रेष्ठ, सूर्य शर्मा सुवेदी, माधव पौडेल, विष्णुप्रसाद पाण्डे, सुरेन्द्र ज्ञवाली, सावित्रा टण्डन, बोनिन पिया, हरिहर पच्छाइ, बुद्धबहादुर सारु र विनोद न्यौपाने रहेका छन् ।

यस्तै, संघको कानुनी सल्लाहकारमा लोकप्रसाद खरेल, प्राविधिक सल्लाहकारमा निरज तिवारी र प्रेस सल्लाहकारमा प्रदीप आचार्यलाई मनोनित गरिएको अध्यक्ष काफ्लेले जानकारी दिए । नवगठित सल्लाहकार समितिले संघको संस्थागत विकास, नीति निर्माण र उद्योगको हितमा आवश्यक सुझाव तथा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

लुम्बिनीमा तेस्रो नेपाल पंक्षी महोत्सव हुँदै

भैरहवा । बुद्ध जन्मस्थल लुम्बिनीमा तेस्रो नेपाल पंक्षी महोत्सव माघ १२ र १३ गते हुने भएको छ । स्वदेशी तथा विदेशी चराविद, विज्ञ, पंक्षी गणक र सरोकारवालाको सहभागितामा पोखरा पंक्षी समाजको आयोजनामा पोखरा र नवलपुरमा सफलतापूर्वक सम्पन्न भएको महोत्सव यस पटक लुम्बिनीमा गर्न लागिएको हो ।

ग्रिन युथ लुम्बिनीको सह-आयोजनामा, लुम्बिनी सांस्कृतिक नगरपालिका र नेपाल पर्यटन वोर्डको प्रवर्द्धनमा, नेपाल पंक्षी संरक्षण संघ, लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालयको सहकार्यमा महोत्सव गर्न लागिएको लुम्बिनीमा पत्रकार सम्मेलन गरी जानकारी गराइएको छ ।

नेपालका चराप्रजाति, जैविक विविधता तथा महत्वपूर्ण आवास (सिमसार, वन आदि) को संरक्षणबारे जनचेतना विस्तार गर्नुका साथै विद्यार्थी, स्थानीय समुदाय, गाइड, अनुसन्धानकर्ता, सरकारी निकाय र संरक्षण संस्थाबीच ज्ञान आदानप्रदान, सहकार्य र नेटवर्किङ मजबुत बनाउँदै पंछी पर्यटन तथा प्रकृति-आधारित दिगो पर्यटनको प्रवर्द्धन गर्नु महोत्सवको लक्ष्य रहेको नेपाल बर्ड फेयर कमिटीका संयोजक तथा पोखरा पंक्षी समाजका अध्यक्ष मनशान्त घिमिरेले बताए ।

कार्यक्रम पूर्व माघ ७ र ८ गते स्थानीय २५ देखि ३० विद्यालयहरुमा चरा, तिनीहरुको महत्व, तिनका वासस्थान, संकट हुनुका कारण, संरक्षण आवश्यकता र प्रयासहरुका वारेमा जानकारी दिइने छ । त्यसैगरी माघ ९ र १० गते लुम्बिनीमा रहेका स्थानीय ३० जना पथप्रर्दशकहरुलाई चराको पहिचानसम्बन्धी तालिम दिइने अध्यक्ष घिमिरेले जनाए ।

लुम्बिनी क्षेत्र सिमसार र खेतवारी भएको क्षेत्र रहेकोले धेरै चराहरु देखिने हुँदा यस वर्ष लुम्बिनीलाई रोजिएको ग्रिन युथ लुम्बिनीका अध्यक्ष अर्जुन कुर्मीले बताए । चराको संरक्षण र जीविकोपार्जनलाई मध्यनजर गरी यहाँको गहनाको रुपमा रहेको पंक्षीहरुको लुकेका कुरा बाहिर आउने छ । कार्यक्रममा विभिन्न ७ प्रकारका विषयमा बर्ड सम्मेलन, ई-बर्ड फोरम, बर्ड ब्रेन फोरम, एशियन पानीचरा गणना फोरम, सारस फोरम, भल्चर फोरम हुनेछन् । चरा संरक्षणमा सबैले भूमिका खेल्नुपर्छ भन्ने सन्देश दिन कार्यक्रम गर्न लागिएको उनले जनाए । उनले कार्यक्रमका अवसरमा स्थानीय र लुम्बिनी क्षेत्रको प्रवर्द्धन समेत गरिने जनाए ।

यसैगरी सारसको यस वर्षको अनुगमन लुम्बिनी फार्मल्याण्डमा गरिनेछ भने बर्ड रेस लुम्बिनी परिसर तथा आसपासका विभिन्न सिमसार र खेतबारीमा आयोजना हुनेछ । यस्तै चरा, तिनका बासस्थान साथै जैविक विविधता एबम् स्थानीय उत्पादनका स्टल प्रदर्शनी तथा विभिन्न चराहरुका तस्विर प्रदर्शनी गरिनेछ । कार्यक्रममा नेपालका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका पंछीविद, अनुसन्धानकर्ता, संरक्षणकर्मी तथा जैविक विविधता प्रेमीहरूको सहभागिता रहनेछ । साथै भारत, भुटान, श्रीलंका, ताइवान, फिलिपिन्स, सिंगापुर र हङकङबाट चरा संरक्षणमा क्रियाशील संघसंस्था तथा टूर लिडरहरूको समेत सहभागिता रहनेछ ।

चराविद हटन चौधरीले चरा र पर्यटकनलाई जोडेर अघि बढेका पर्यटकीय विकासमा समेत योगदान पुग्ने बताउँदै चरा चिन्ने तरिका र गणनाबारे कार्यक्रममा सहभागीहरुलाई सिकाइने जनाए । लुम्बिनी विकास कोषका सदस्य सचिव दीपक श्रेष्ठले कोष परिसरमा ६० प्रतिशत जंगल क्षेत्र रहेकोले यस कार्यक्रमलाई सहजता हुने बताए । यहाँ बर्ड भ्यु र पथ समेत भएकोले कार्यक्रम सफल पार्न कोषले हातेमालो गर्ने जनाए । उनले कार्यक्रमले लुम्बिनीको प्रवर्द्धनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यबाहक प्रमुख कल्पना हरिजनले लुम्बिनीमो कार्यक्रम गर्न पाउनु ठूलो उपलब्धि भएको दाबी गरिन् । कार्यक्रम सफल बनाउनका लागि स्थानीय सरकार र स्थानीयहरु प्रतिबद्ध रहेको बताइन । लुम्बिनी र यस आसपास धेरै सिमसार क्षेत्र रहेको जनाउँदै कार्यक्रमले ती क्षेत्रको प्रवर्द्धन र चरा संरक्षणमा योगदान दिने विश्वास व्यक्त गरिन् ।

भैरहवा अब पर्यटनमैत्री शहर : अध्यक्ष महोत्रा

भैरहवा । होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन रुपन्देहीको १२औं साधारण सभा तथा ७औं अधिवेशनबाट निर्बाचित कार्यसमितिको पदस्थापन गरिएको छ ।

२ वर्षे कार्यकाल रहने संगठनका नवनिर्वाचित अध्यक्ष राजेश महोत्रासहितको कार्यसमितिलाई सिद्धार्थनगर नगरपालिकाका उप-प्रमुख उमा अधिकारीको प्रमुख आतिथ्यतामा पदस्थापन गरिएको हो । महोत्राको अध्यक्षतामा निर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा लिलाधर भट्टराई, प्रथम उपाध्यक्षमा नरेन्द्र खनाल, द्वितीय उपाध्यक्षमा कल्पना भट्टराई (न्यौपाने), उपाध्यक्षमा गुनाखर खनाल, महासचिवमा बालबहादुर घिमिरे (सुनिल), कोषाध्यक्षमा दलबहादुर गुरुङ, सचिवमा अर्जुनप्रसाद गौतम र सह-कोषाध्यक्षमा पदम राज पन्थ रहेका छन् । यस्तै सदस्यमा शुभराज गौतम, रोमाकान्त भट्टराई, सुमन न्यौपाने, हरिप्रसाद ज्ञवाली, दामोदर पन्थी, सुधिर रावल मनोनित सदस्यमा कमलप्रसाद आचार्य र शन्तबहादुर खत्री रहेका छन् ।

नवनिर्वाचित अध्यक्ष महोत्राले पर्यटनमैत्री शहरको रुपमा चिनाउनका लागि ठाउँ ठाउँमा पर्यटकीय सूचना बोर्ड राख्ने, बेलहिया र गौतामबुद्ध विमानस्थल वरपर सौन्दर्यीकरण गर्ने, यस क्षेत्रका सबै होटललाई संगठित गरी वर्गीकरण गर्ने, व्यवसायिक क्षमता तथा रोजगारदाताको स्तोननती गरी गुणस्तरीय सेवा प्रदान गर्न तालिम गोष्ठी र दक्षता वृद्धिको काम गर्ने, पर्यटनमेत्री प्याकेजहरु निर्माण गर्ने, विगतको कार्यक्रमलाई निरन्तरता दिँदै थप सृजनशील कामहरु गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि उपमेयर अधिकारीले नयाँ टीमले रात्रिकालिन बजारको लागि प्रयास र पहल गर्नुपर्ने बताइन् । उनले यो टीमले आर्थिक चलायमान हुने खालको नयाँ उदाहरणीय काम गर्नुका साथै गुणस्तरीय होटल भए गुणस्तरीय पर्यटक आउने बताउँदै लुम्बिनी क्षेत्र सुरक्षित छ भन्ने प्रचार प्रसार गर्नुपर्ने जनाइन् । सरकारबाट अपेक्षा गर्नेभन्दा पनि निजी क्षेत्रबाट लगानी गरी पर्यटन प्रवर्द्धनको काम अगाडि बढाउन उनले आग्रह गरिन । पर्यटकका लागि लुम्बिनी क्षेत्र सुरक्षित रहेको सन्देश दिन आवश्यक रहेको बताइन् ।

कार्यक्रममा बोल्दै व्यवसायीले पर्यटकीय थुप्रै सम्भावनाहरु भए पनि फाइदा लिन नसकेकोले पर्यटकीय स्थल थप गरी पर्यटन प्रवर्द्धनमा केन्द्रित भएर लाग्नु पर्ने, पर्यटन विकासको लागि अनुसन्धान खोज र नौलो अभ्यासहरु गर्नुपर्ने, पर्यटक भुलाउने र समयावधि लम्बयाउने प्याकेजहरु पर्यटन व्यवसायीबाट आउनु पर्ने बताए । विमानस्थल यहाँको भविष्य रहेकोले यसलाई सञ्चालन गर्नका लागि निजी क्षेत्रले पनि पहल गर्नुपर्ने, होटलका समस्याहरु पहिचान गरि पर्यटकलाई दुःख दिने काम भएकोमा यसलाई हटाउनु पर्ने र नेपाल असुरक्षित छ भन्ने प्रचार भएकोमा यसलाई चिर्दै सुन्दर नेपाल सुरक्षित छ भन्ने सन्देश फैलाउनु पर्ने बताए ।

लुम्बिनी होटल संघ नेपालका अध्यक्ष लिलामणि शर्माले लुम्बिनी भएर पनि हामी प्रयोग गर्न नसकेका बताउँदै बौद्धमागीका लागि हामी यहाबाट बौद्ध अध्यात्मिक पर्यटनको रुपमा लैजानु पर्ने बताए । उनले सबै एक ढिक्का भएर विमानस्थल फुलफेज चलाउनका लागि बुद्ध राष्ट्रहरुसँग सिधा उडानको लागि पहल गर्न दबाब दिनु पर्ने जनाए ।

रुपन्देहीका प्रहरी प्रमुख एसपी प्रदीपबहादुर क्षेत्रीले गुणस्तरीय पर्यटक ल्याई यस क्षेत्रलाई पर्यटकीय बातावरण बनाउन सकिने बताए । व्यवसायी सुरक्षित रहेमा पर्यटन व्यवसाय सुरक्षित हुने हुँदा सुरक्षा निकायले गरेको काम पर्यटन व्यवसाय र व्यवसायीकै सुरक्षाका लागि भएको बताउदै पर्यटन व्यवसायीले सहकार्य गरी अगाडि बढ्नु पर्ने उल्लेख गरे ।

संस्थापक अध्यक्ष माधव नेपालले होटल व्यवसाय पर्यटनको जोखिम मध्येको व्यवसाय भएकोले जवाफदेही बन्नु पर्ने बताए । यहाँ थुप्रै प्राकृतिक सम्पदा हरु भएकोले यसबाट पर्यटकलाई आकर्षण गर्न सकिने बताए । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक मुरारीप्रसाद पौडेलले नेपालमा उडान गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय हवाइ कम्पनीसहित सम्पूर्ण पर्यटन व्यवसायी र सरोकारवाला निकाय एकै स्थानमा आएर एकीकृत पर्यटन योजना बनाउन जरुरी रहेको बताए ।

चेम्बर अफ कमर्श रुपन्देहीका अध्यक्ष सचिन रोक्काले गुणस्तरीय होटल विना पर्यटनको विकास नहुने हुँदा यो पर्यटनको मेरुदण्ड रहेको बताए । गुणस्तरीय होटललाई पर्यटन प्रवर्द्धनमा सामेल हुन आग्रह गरे ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले भारतीय पर्यटकहरुलाई प्राथमिकतामा राखी सहज रुपमा आउने वातावरण बनाउनु पर्ने जनाए । सुधारन्मुख बेलहिया बनाउँदै गुणस्तरीय पर्यटक भित्र्याउन पर्यटन व्यवसायीले लिनुपर्ने उनले बताए । उनले होटललाई उद्योग सरहको मान्यता दिइने घोसणा भए पनि कार्यान्वयन नभएकोले सरकारलाई घचघचाउनु पर्ने उल्लेख गरे ।

घुम्ती-चिसापानी सडक कालोपत्रे

प्रकाश डोटेल

स्याङ्जा

घुम्ती-चिसापानी सडक कालोपत्रे गर्ने कामले तीव्रता पाएको छ । सडकको काउले-सालडाँडा खण्डअन्तर्गत झण्डै ८ किलोमिटर कालोपत्रे गर्ने कामले पछिल्लो समय तीव्रता पाएको हो । ट्र्याक खोलेको करिब २५ वर्षपछि घुम्ती-चिसापानी सडकको दोस्रो खण्ड कालोपत्रे गरिएको छ ।

सम्झौता भएको २७ महिनाभित्र सडक कालोपत्रे सक्नेगरी २०७९ असारबाट निर्माण कम्पनीले काम थालेको थियो । टुन्टी आरएस जेभि निर्माण कम्पनीले २१ करोड ५१ लाख ४८ हजार ७०४ रुपैयाँमा सडक निर्माणको जिम्मा पाएको थियो । २०८१ असोजमा सडक निर्माणको काम सक्नुपर्नेमा चालु आर्थिक वर्ष २०८२/०८३ को ५ महिना पछिमात्रै कालोपत्रे गर्ने कामले गति लिएको हो ।

२०७९ असारमा सम्झातौ भएर २०८१ असोजमा सक्नुपर्ने सडक कालोपत्रे गर्ने काम बजेट अभावमा रोकिदा ढिला भएको सडक डिभिजन कार्यालय पोखराका इञ्जिनियर धुर्व पोखेलले बताए । 'समय सिमामा सक्नेगरी सम्झौता भए पनि बजेट अभावले समयमै सडक निर्माण हुन् सकेन्,' उनले भने-'चालु आर्थिक वर्ष २०८२/८३ मा भुक्तानी दिन सम्झौत रकम भए पनि निर्माण कम्पनीको जोडबलले सडक कालोपत्रे गर्ने काम अगाडि बढाइएको छ ।'

पछिल्लो समयमात्रै सडक निर्माणको कामले गति लिएको सडक डिभिजन कार्यालयले जनाएको छ । सडक फराकिलो र समथर बनाउने, टेवा पर्खाल र नाला निर्माणसँगै गिटी बिछ्याएर सकिएको छ । मौसम घमाएपछि बिटुमिन बिछ्याउँदै कालोपत्रे गर्ने कामले थप गति लिने कार्यालयले जानकारी दिएको छ । चालु आर्थिक वर्षको अन्त्यसम्ममा सम्झौताअनुसारको सबै काम सकिने छ । रकम अभावकै कारण कालोपत्रेको काम अब नरोकिने समेत डिभिजन कार्यालयले दाबी गरेको छ ।

निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रमको घुम्ती-चिसापानी सडकले हरिनाश गाउँपालिकालाई जिल्ला सदरमुकामसँग जोड्ने छ । २७ किलोमिटर लामो सडकको पहिलो घुम्ती-काउँले खण्डको ५ दशमलब ५ किमी पूर्वाधार विकास कार्यालयले कालोपत्रे गरेको हो । आर्थिक वर्ष २०७७/७८ मा झण्डै १६ करोडको लागतमा सडकको पहिलो खण्डको निर्माण सकिएको थियो ।

आर्थिक वर्ष २०५७/५८ मा नयाँ ट्र्याक खुले पनि सडकको पहिलो खण्ड नै कालोपत्रे हुन् झण्डै २० वर्ष लाग्यो । जिल्लाको पूर्वीदक्षिण क्षेत्रका पुलतीबजारसँगै पुरानो बहाकोट, कोल्मा, ओरष्ट, किचनास, मग्याम चिसापनी र चित्रेभज्याङ् गाविसका स्थानीयलाई सडक सञ्जालमा जोड्ने गरी सडक निर्माण गरिएको किचनासका स्थानीय अगुवा अजित क्षेत्रीले बताए । २५ वर्षपछि सडक बन्न लाग्दा समेत पहिलो र दोस्रो खण्ड गरी १३ किलोमिटर मात्रै कालोपत्रे हुने भएको उनले जनाए ।

पुलतीबजार नगरपालिका, बिरुवा र हरिनाश गाउँपालिका गरी तीन पालिका जोड्ने गरी निर्माण भएको सडकको बाँकी खण्डाको झण्डै १४ किलोमिटर दुरावस्था छ । सडक बनेपछि जिल्ला सदरमुकाम पुतलीबजार नगरपालिका वडा नं.-१, २, ८, ९, बिरुवा गाउँपालिका वडा नं-३, ४, तथा ५ र हरिनाश गाउँपालिका वडा नं.-१, २, ३ र ४ सहित तनहुँ जिल्लाको पश्चिमी क्षेत्र शुक्लागण्डकी, ढोरफिर्दी, र राईपुरका स्थानीय प्रत्यक्ष लाभान्वित हुने छन् ।

सडक निर्माणको सन्दर्भमा नयाँ ट्र्याक खोल्नेमा स्थानीयको तानातान र ट्र्याक खुलेपछि बजेट अभावले समयमै स्तरोन्नति हुन नसकेको सडक उपभोक्ता समितिका पूर्वअध्यक्ष चन्द्रकान्त पोखेलले बताए । सडक स्तरोन्नतिका लागि बजेट विनियोजन र सुनिश्चित गर्न संघ र प्रदेश सरकारसँग दर्जनौ पटक हारगुहार गरेको पोखेलले दुःखेसो गरे । समयमै सडक स्तरोन्नति गर्न सकेको भए त्यस क्षेत्रमा कृषि र पर्यट विकासमा ठूलो परिवर्तन ल्याउन सकिनेमा पोखेल विश्वस्त थिए ।

बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको बिमालेख मिति २०८२।०८।१०गते त्रिवेणीदेखि बर्दघाट जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

नामः : महावीर कानू
ठेगानाः : सुस्ता- ०२, नवलपरासी
बिमा लेख नं.: : २५११०९१४३
मोबाईल नंः : ९८११५२५८८४

नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय

लुम्बिनी प्रादेशिक कार्यालय, बुटवल, रुपन्देही

जनहितमा जारी सूचना !!!

१. विद्युत सम्बन्धी कुनै गुनासो, सुझाव भएमा ११५० मा डायल गरी जानकारी गराउनुहोस् ।
२. विद्युत चोरी गर्नु दण्डनीय अपराध हो । विद्युत चोरी नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
३. विद्युतको चोरी भएको थाहा भएमा नजिकको विद्युत कार्यालयमा जाकारी गराऔं ।
४. विद्युतको तार छिनेको, पोल ढलेको, आगोको झिल्का लागेको देखेमा नजिकको विद्युत कार्यालय वा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।
५. विद्युत महशुल समयमै भुक्तानी गरी जरिवानाबाट बचौं । ६० दिन सम्ममा विद्युत महशुल भुक्तानी नगरे जुनसुकै समयमा लाइन काटिनेछ ।
६. विद्युतीय संरचनाको Right of Way नजिक कुनै निर्माण कार्य गर्नु अगाडि स्थानीय विद्युत कार्यालयमा सम्पर्क गरौं ।
७. विद्युत मिटर जडान तथा अन्य कार्य गर्दा कर्मचारीबाट दुःख दिएमा कार्यालय प्रमुख वा ११५० मा फोन गरी जानकारी गराऔं ।
८. नेपाल विद्युत प्राधिकरणको लोगो अंकित भएका निर्माण सामग्रीहरु प्राधिकरण बाहेक अन्यत्रबाट खरिद नगरौं ।

Lumbini Province Government
Ministry of Forest and Environment
Division Forest Office, Kapilvastu(GautamBuddha)

Invitation for Sealed Quotation

Date of Publication: 08/01/2026

Division Forest Office, Kapilvastu(GautamBuddha) invites bids for the construction of following works under Sealed Quotation Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp . All eligible bidders are requested to submit bid by electronic only with the requested documents within the mentioned period. For more information, please visit https://dfogautambuddha.lumbini.gov.np/

S. N.	Contract ID No	Work Description	Bid Security Amount, NRs	Bid Document Fee, NRs	Estimate Amount (without VAT & Contingency), NRs
1	DFOG/ Works/SQ/ 082/083/01	Fencing Work in road divider at Lokmargh Kharendrapur Hulaki Road, Chandrauta Krishnanagar Road of Shivaraj Municipality and Hulaki Highway of Maharajgung Municipality, Kapilvastu.	45000.00	1000.00	1724137.53

Office Chief

Government of Nepal
Ministry of Agriculture and Livestock Development
National Agriculture Modernization Program
Program Implementation Unit, Rupandehi

INVITATION FOR BIDS (IFB)

IFB NO.: NAMPO/PIU Rupandehi/NCBSQ/Works/01/082/83

DATE OF PUBLICATION: 8thJan-2026(2082/09/24)

1. National Agriculture Modernization Program, Program Implementation Unit, Bhairahawa, Rupandehi invites electronic bids for the construction of following works under NCBSQ procedures. All other information and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid with the requested documents with in mentioned period.

S N	Contract No/ Bid No	Description of Works	Total Estimate Amount with PS (Excluding VAT)	Bid Security Amount (NRs)	Bid Document Price (NRs)	Last date of Bid Submission and Time	Remarks
1	NAMP/ PIURupandehi/ NCBSQ/Works/ 01/082/83	Maintenance work in National Agriculture Modernization Program,PIU, Bhairahawa, Rupandehi	17,28,408.84	54,000/-	3,000/-	2026-01-23 (2082-10-09) 12:00 Hours	Single Enveloped

Program Chief

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com